## तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१०।०५ गतेको बैठकका निर्णयहरुः

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१०।०५ गतेको बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको सम्बन्धमा समिक्षा गरियो । निर्णय कार्यान्वयनलाई आगामी दिनमा प्रभावकारी बनाउन सबैले पहल गर्ने निर्णय समेत गरियो ।

२. सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यूबाट मिति २०८१।१०।११ गते गाउँपालिकाको नवनिर्मित प्रशासकीय भवनको समुदघाटन कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो । कार्यक्रम व्यवस्थित तरिकाले सम्पन्न गर्न यस गाउँपालिकाका उपाध्यक्ष श्री लाल बहादुर थापाको संयोजकत्वमा गाउँपालिकाका वडा अध्यक्षहरु र गाउँपालिकाका कार्यपालिका सदस्यहरु समेत रहेको उपसमिति गठन गर्ने निर्णय गरियो ।

३. सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूबाट हुने गाउँपालिकाको प्रशासकीय भवन उदघाटन कार्यक्रमलाई मर्यादित र व्यवस्थित गराउन गाउँपालिकामा क्रियासिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधिहरु र बौद्धिक व्यक्तिहरु समेतको बैठक मिति २०८१।१०।०९ गते विहान ११ बजे गाउँपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

४. सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यबाट हुने समुदघाटन कार्यक्रममा वडाका नागरिकहरुलाई उक्त कार्यक्रममा सहभागि गराउने वडा नं. १ लाई ७० हजार, वडा नं. ६ लाई ६० हजार र अन्य ४ वटा वडाहरुलाई ४० हजारका दरले जम्मा रु. २ लाख ९० हजार रकम कार्यक्रम खर्च र विविध कार्यक्रम खर्च शिर्षकबाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०८१/८२ को विशेष अनुदानको कार्यक्रम तपसिल अनुसारका संरचनाहरुको निर्माण तथा सुधार गरी ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

   क) वडा नं. २ को कालिका आधारभुत विद्यालयको भवन निर्माण सम्पन्न गर्ने र १ वटा शौचालय निर्माण गर्ने ।
   ख) वडा नं. ६ को देवी प्रा.वि., काशिभञ्ज्याङको भवन निर्माण सम्पन्न गर्ने ।
   ग) वडा नं. ५ को भुमीशाला प्रा.वि.को शौचालय निर्माण ।
   घ) वडा नं. ३ तिलोत्तमा मा.वि. शौचालय निर्माण गर्ने ।
   ङ) माथिका संरचनाहरुको लागत अनुमान तयार गर्दा रकम बचत हुने अवस्था देखिएमा गाउँपालिकाका विभिन्न विद्यालयहरुमा घेराबार गर्ने गरी लागत अनुमान तयार गर्ने ।

६. विद्यालयका संरचनाहरु बालमैत्री बनाउने सम्बन्धमा छलफल गर्दा सबै विद्यालयहरुको अनुगमन प्रतिवेदन तयार गरी लागत अनुमानको आधारमा सबै विद्यालयहरुलाई विद्यालयका संरचनाहरु बालमैत्री बनाउन मर्मत संभार गर्न जिम्मा दिने निर्णय गरीयो । यस कामको लागि आवश्यक पर्ने रकम गाउँपालिकाको मर्मत संभार कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।१०।०५ गतेको बैठकका निर्णयहरुः**

७. बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत हालसम्म वडामा भएका कार्यक्रमहरुको समिक्षा गरियो हालसम्म गाउँपालिकाले बालमैत्रीका क्रियाकलापहरुको औषतमा ६० प्रतिशत काम सम्पन्न भएको देखिन्छ । गाउँपालिकालाई तोकिएकै समयमा बालमैत्री स्थानीय शासन लागु भएको गाउँपालिका घोषणा गर्न सबै सरोकारवाला पक्षहरुले सक्रिय रुपमा काम गर्ने/गराउने निर्णय गरियो ।

८. आर्थिक वर्ष २०८१/८२ मा गरीवी निवारणका लागि लघु उद्धम विकास कार्यक्रम अन्तर्गत वडा नं. १ मा पुनर्ताजकी कार्यक्रम गर्ने र वडा नं. ३ र ५ मा नयाँ उद्धमी सिर्जना गर्ने कार्यक्रम गर्ने गरी वडा छनोट गर्ने निर्णय गरियो।

९. यस गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरुको म्याद २०८२ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१०. आर्थिक वर्ष २०८१/८२ को राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता मिति २०८१।१०।१६ देखि १८ गतेसम्म सञ्चालन गर्ने निर्णय गरियो ।

११. गाउँपालिकाको आ.व. २०८०।०८१ मा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) तर्फ प्राप्त गरेको जम्मा प्राप्ताङ्क ८१.२५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) तर्फ जम्मा प्राप्ताङ्क ७४.५ अंक अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।